नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
कोटेश्वर,पेरीसमार्ग, काठमाडौं ।

फोन नं : ०१४६०२७४७, ०१४६०२९२०
फ्याक्स : ०१४६०१२१२
ईमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np

# प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय थाहा दिवस, २०७२ को उपलक्ष्यमा २०७२ असोज ११ गते राष्ट्रिय सूचना आयोगबाट विशेष कार्यक्रमको आयोजना गरियो । सूचना तथा सञ्चार प्रविधि मन्त्री डा.श्री मिनेन्द्र रिजालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा सूचनाको हकको प्रवर्द्धनमा निरन्तर क्रियाशील रही विशेष योगदान पुऱ्याउनु भएकोमा फ्रिडम फोरमका अध्यक्ष श्री तारानाथ दाहाल र गोगो फाउण्डेशनका अध्यक्ष श्री केदार खड्कालाई सम्मान गरिएको थियो । साथै, राष्ट्रिय सूचना आयोगमा कार्यरत रही सूचनाको हकको सम्बर्द्धन तथा प्रचलन कार्यमा उल्लेखनीय सहयोग गरी आफ्नो पदीय दायित्व प्रभावकारी रुपमा बहन गरेवापत उप सचिव श्री बाबुराजा श्रेष्ठ र नायव सुब्बा श्री विष्णुप्रसाद अर्याललाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्री डा.श्री मिनेन्द रिजाल, प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा, आयुक्तद्वय श्री किरणकुमार पोखरेल र श्री यशोदादेवी तिम्सिना, मुख्य सचिव डा.श्री सोमलाल सुवेदी, राष्ट्रिय सूचना आयोगका सचिव श्री लक्ष्मण प्रसाद मैनाली तथा सम्मानित व्यक्तिहरुले जनताको सूचनाको अधिकारलाई पूर्णरुपले प्रत्याभूत गरी लोकतन्त्रलाई सुदृढ तुल्याउन सबै लाग्नुपर्नेमा जोड दिनु भएको थियो ।

(गौलोचन सैंजू)
उप सचिव